नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## प्रधानमन्त्री शाह स्वदेश फिर्ता




**काठमाडौँ।** प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी भई शनिबार स्वदेश फर्केका छन्। उनलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, गृहमन्त्री

बाँकी पृष्ठ ३ मा

वर्ष ४ • अंक २९१ • २०८३ साल असोज ११ गते आइतबार • Sunday 27, September 2026 • सूर्योदय: बिहान ०५:५७ बजे • सूर्यास्त: साँझ ०५:५८ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# मधेश र कोशीबीच आर्थिक तथा वित्तीय क्षेत्रमा सहकार्यको समझदारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश र कोशी प्रदेश सरकारबीच सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, राजस्व वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता तथा आर्थिक विकासका विभिन्न क्षेत्रमा सहकार्य गर्ने समझदारी भएको छ।

शुक्रबार मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराई र कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विदुरकुमार लिङ्थेपले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन्।

समझदारीअनुसार दुवै प्रदेशले बजेट निर्माण, राजस्व प्रशासन, वित्तीय सङ्घीयता, बेरुजु फछ्र्योट तथा सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा एकअर्काका अनुभव र असल अभ्यास आदानप्रदान गर्नेछन्।

मधेश प्रदेशका अर्थमन्त्री भट्टराईले संविधानले अंगीकार गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न समझदारी गरिएको बताए।

उनका अनुसार प्रदेशहरूले साझा चासो र हितका विषयमा सूचना आदानप्रदान, परामर्श तथा आफ्ना कार्य र विधायनका विषयमा समन्वय गर्दै आपसी सहयोग विस्तार गर्न सक्ने संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्ने उद्देश्य समझदारीको हो।

- **पूर्वबजेट परामर्शदेखि संयुक्त कार्यशालासम्म**

समझदारीअनुसार प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत हुनुभन्दा कम्तीमा तीन महिना अगाडि दुवै प्रदेशले साझा प्राथमिकता, राजस्व तथा आर्थिक नीतिका विषयमा पूर्वबजेट परामर्श र संयुक्त कार्यशाला आयोजना गर्नेछन्।

सहकार्यका कार्यक्रमको वार्षिक कार्ययोजना बनाउने तथा त्यसको प्रगति समीक्षा गर्न संयुक्त अन्तरप्रदेशीय समन्वय समिति गठन गरिनेछ । मन्त्रीस्तरीय उच्चस्तरीय सम्मेलनसमेत दुवै प्रदेशले पालैपालो आयोजना गर्ने सहमति भएको छ।

बेरुजु फछ्र्योट र खर्च व्यवस्थापनमा जोड

दुवै प्रदेशले सार्वजनिक वित्तीय व्यवस्थापन सुधार, परिणाममा आधारित बजेट प्रणाली, आन्तरिक नियन्त्रण र बेरुजु फछ्र्योटलाई प्राथमिकतामा राख्ने भएका छन्।

एक प्रदेशले वित्तीय व्यवस्थापनमा अपनाएका प्रभावकारी अभ्यास अर्को प्रदेशमा समेत प्रयोग गर्ने तथा अनावश्यक प्रशासनिक खर्च न्यूनीकरणका लागि सहकार्य गर्ने समझदारीमा उल्लेख छ।

त्यस्तै, राजस्वको सम्भाव्यता अध्ययन, राजस्व सुधार कार्ययोजना निर्माण तथा स्थानीय तहको राजस्व प्रशासनलाई प्रभावकारी बनाउन संयुक्त रूपमा काम गरिनेछ।

वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा प्रदेश र स्थानीय तहबीचको वित्तीय सम्बन्धबारे संयुक्त अध्ययन गर्ने सहमति पनि भएको छ। डिजिटल सार्वजनिक वित्तीय प्रणालीको प्रयोग विस्तार तथा कर्मचारीलाई आवश्यक तालिम दिने विषयलाई समेत समझदारीमा समेटिएको छ।

धार्मिक तथा अन्य पर्यटकीय क्षेत्रको संयुक्त संरचना विकास गरी त्यसबाट प्राप्त हुने राजस्व बाँडफाँटको आवश्यक ढाँचा तयार गर्ने विषयमा पनि दुवै प्रदेशबीच सहकार्य हुनेछ।

- **रोजगारी र उद्यमशीलता पनि सहकार्यको क्षेत्र**

युवा रोजगारी, नवप्रवर्तन, उद्यमशीलता, साना तथा मझौला उद्योग र निजी क्षेत्रको लगानी प्रवद्र्धनलाई समेत सहकार्यका प्रमुख क्षेत्रका रूपमा अघि बढाइने भएको छ।

कर्मचारीको क्षमता विकासका लागि संयुक्त तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र बाढी, पहिरो तथा डुबानलगायत विपद्का समयमा अनुभव आदानप्रदान तथा आपतकालीन समन्वय गर्ने समझदारी भएको छ।

- **मन्त्रीको नेतृत्वमा संयन्त्र**

समझदारी कार्यान्वयनका लागि दुवै प्रदेशका अर्थमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्रीको नेतृत्वमा उच्चस्तरीय मार्गदर्शक समिति गठन गरिनेछ। समितिको अध्यक्षता दुवै प्रदेशले पालैपालो गर्ने व्यवस्था गरिएको छ।

त्यस्तै, दुवै मन्त्रालयका सचिवको नेतृत्वमा प्राविधिक तथा कार्यान्वयन समिति रहनेछ। समितिमा बजेट वा राजस्व हेर्ने उपसचिवस्तरका एक–एक जना अधिकारीलाई सम्पर्क व्यक्ति तोकिनेछ।

संयुक्त रूपमा सञ्चालन हुने कार्यशाला, तालिम, प्रविधि विकास तथा अध्ययन–अनुसन्धानका कार्यक्रमको खर्च दुवै प्रदेशले बराबर अर्थात् ५०–५० प्रतिशत व्यहोर्नेछन् । उच्चस्तरीय तथा प्राविधिक बैठक आयोजना गर्ने प्रदेशले व्यवस्थापन खर्च बेहोर्ने र सहभागी टोलीको भ्रमण भत्ता सम्बन्धित मन्त्रालयले व्यहोर्ने समझदारीमा उल्लेख छ।

दुवै प्रदेशबीचको सहकार्यमा २०८२ कात्तिक १५ गते हेटौँडामा प्रदेशका अर्थ तथा आर्थिक मामिला मन्त्रीहरूले जारी गरेको 'वित्तीय सङ्घीयता सुदृढीकरणका लागि प्रदेशका आर्थिक मामिला मन्त्रीहरूको साझा प्रतिबद्धता'लाई समेत मार्गदर्शनका रूपमा लिइनेछ।

समझदारी हस्ताक्षर भएको मितिदेखि पाँच वर्षसम्म लागू हुने जनाइएको छ।

# सप्तकोशीको बाढी पस्दा १५७ घर डुबानमा

- **प्रभावित क्षेत्र:** तिलाठी कोइलाडीका १७, हनुमाननगर कंकालिनी–१२ मा ८० र वडा नं. १३ (गोबरगाढा) का ६० घर डुबानमा परेका छन् भने बोदेबरसाइनस्थित सशस्त्र प्रहरीको बीओपीसमेत प्रभावित भएको छ।
- **प्रशासनिक पहल:** स्थानीय जनप्रतिनिधि र सुरक्षा निकायद्वारा स्थलगत निरीक्षण गरी पीडितलाई राहत तथा आवश्यक व्यवस्था मिलाउने तयारी भइरहेको छ।



**मधेशदृष्टि**
**राजविराज।**
सप्तरीमा सप्तकोशी नदीको बाढी बस्तीमा पस्दा तिलाठी कोइलाडी गाउँपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाका १ सय ५७ घर डुबानमा परेका छन्।

तिलाठी कोइलाडी गाउँपालिका–४ र ५ मा मात्रै कोशीको बाढी पस्दा १७ वटा घर डुबानमा परेका छन् । घर–घरमा एक्कासि बाढी पसेपछि खाद्यान्नसमेत क्षति भएको छ । बाढीका कारण घरमा बस्न समस्या भएपछि वृद्धवृद्धा र बालबालिकालाई कोशीको पश्चिमी तटबन्धमा सुरक्षित स्थानमा राखिएको छ।

बाढीका कारण बोदेबरसाइनस्थित सशस्त्र प्रहरीको बीओपीसमेत डुबानमा परेको छ।

बाढीबाट प्रभावित स्थानीयलाई खानपिनदेखि बसोबाससम्म समस्या भएको छ। बाढीपीडित जलेश्वर मुखियाले घरमा पानी पसेपछि खाना पकाउन र बस्नसमेत समस्या भएको बताए।

स्थानीय जनप्रतिनिधिले बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी पीडितलाई सुरक्षित स्थानमा सार्ने तथा खानपिनको व्यवस्था गर्ने काम भइरहेको जनाएका छन् । तिलाठी कोइलाडी गाउँपालिका–५ का वडाध्यक्ष ललनप्रसाद राउतले प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरेर फर्किएको र आवश्यक राहत सामग्री उपलब्ध गराउने तयारी भइरहेको बताए।

यस्तै, हनुमाननगर कंकालिनी नगरपालिका–१२ स्थित कोशी तटीय क्षेत्रमा ८० वटा घरमा बाढी पसेको छ। वडा नम्बर १३ स्थित गोबरगाढाका ६० वटा घरसमेत डुबानमा परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक रूपक खड्काले जानकारी दिए।

घर–घरमा बाढी पसेपछि स्थानीयलाई खाना पकाउनदेखि बसोबास गर्नसमेत समस्या भएको छ । उनीहरू अग्लो स्थानमा आश्रय लिएर बसिरहेका छन्।

स्थानीयका अनुसार कोशी नदीमा प्रतिसेकेन्ड ३ लाख क्युसेकको बहाव पुग्नेबित्तिकै यस क्षेत्रमा हरेक वर्ष बाढी पस्ने गरेको छ।

## गगनलाई 'गैंगस्टर' भन्नेप्रति रामसरोजको कटाक्ष:

# 'विनाशकाले विपरीत बुद्धि'




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका नेता एवं मधेश प्रदेशसभा सदस्य रामसरोज यादवले पार्टी सभापति गगन थापालाई 'गैंग्स्टर' भन्नेहरूप्रति व्यङ्ग्य गरेका छन्।

नेपाली कांग्रेस जनकपुरधाम उपमहानगर अधिवेशनमा बोल्दै यादवले गगन थापालाई 'गैंग्स्टर' भन्नेहरूको बुद्धिको दाद दिनुपर्ने भन्दै टिप्पणी गरे । उनले कसैको नाम नलिई पार्टीका एक नेताप्रति लक्षित गर्दै 'विनाशकाले विपरीत बुद्धि' हुने गरेको बताए।

'हाम्रो यहाँको नेता बौखलाहटमा जे पायो त्यही बोलिरहेका छन्, विनाश जब आउँछ नि यस्तोमा बुद्धि बिग्रिहाल्छ,' यादवले भने।

उनले केही नेताहरूले प्रयोग गर्न नहुने शब्दसमेत प्रयोग गरिरहेको बताए । त्यसको विपरीत गगन थापाले कुनै पक्षलाई ठेस नपुग्ने गरी सन्तुलित रूपमा अभिव्यक्ति दिने गरेको यादवको भनाइ

बाँकी पृष्ठ ३ मा

# देउवा पक्षको छुट्टै महाधिवेशनको तयारी



**काठमाडौँ।**
नेपाली कांग्रेसको संस्थापन इतर (शेरबहादुर देउवा) समूहका संयोजक डा. शशाङ्क कोइरालाले नेपाली कांग्रेसको आगामी १५औँ महाधिवेशन आफूहरुको परीक्षाको घडी भएको बताएका छन्।

महाराजगञ्ज–चुनदेवीस्थित सम्पर्क कार्यालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा संयोजक डा. कोइरालाले भने, 'यो हाम्रा लागि परीक्षाको समय पनि हो, यो अधिवेशनलाई त्यसैले हामीले अत्यन्त महत्वपूर्ण रुपमा लिएका छौँ र हामी सबै मिलेर सँगै अघि बढौँ भन्ने पनि चाहेका छौँ।'

असोज १६ देखि १९ गतेसम्म १५औँ महाधिवेशन गर्ने कार्यतालिकासहित नेपाली कांग्रेसको निर्वाचन प्रक्रिया अघि बढिरहेको अवस्थामा इतर समूहले पत्रकार सम्मेलन गरी संस्थापन पक्षीय महाधिवेशनमा सहभागी नभई कांग्रेसकै नाममा अलग्गै महाधिवेशनमा जाने बताएको हो । कांग्रेस पार्टीका पूर्वसभापति शेरबहादुर

बाँकी पृष्ठ ३ मा



## सम्पादकीय

# प्रधानमन्त्रीको अमेरिका भ्रमण र जलवायु प्रकोपको क्षतिपूर्तिको बहस

संयुक्त राष्ट्रसङ्घको महासभा र अमेरिका भ्रमणका क्रममा प्रधानमन्त्रीको उपस्थिति र प्रस्तुतिले नेपालको अन्तर्राष्ट्रिय कूटनीतिमा नयाँ ऊर्जा र प्राथमिकता स्पष्ट पारेको छ । परम्परागत औपचारिकता, भीआईपी तडकभडक र प्रशासनिक ढर्राभन्दा माथि उठेर बहुपक्षीय मञ्चमा प्रस्तुत हुनु आफैँमा एक सकारात्मक सन्देश थियो । भ्रमणका क्रममा नेपालले विश्वमञ्चमा आफ्ना मूल सरोकारहरू–विपद् जोखिम, विकास सहयोग, व्यापारिक सहुलियत र राष्ट्रिय हित–लाई दृढताका साथ प्रस्तुत गर्‍यो। यस भ्रमणले केवल शिष्टाचार र उच्चस्तरीय भेटघाटमा सीमित नभई साना र असंलग्न राष्ट्रहरूको कूटनीतिक हैसियतलाई सुदृढ गर्ने प्रयास गरेको छ।

रणनीतिक र कूटनीतिक उपलब्धिको लेखाजोखा गर्दा, यो भ्रमणले नेपाललाई 'सहायता माग्ने मुलुक'को साघुरो पहिचानबाट बाहिर निकालेर 'विश्वव्यापी संकटमा नीतिगत पैरवी गर्ने साझेदार'का रूपमा उभ्याउन मद्दत पुर्‍याएको छ । विश्वका प्रमुख नेताहरू र संयुक्त राष्ट्रसङ्घका नेतृत्वसँगका भेटवार्ताहरूमा नेपालका प्राथमिकताहरूलाई प्रस्ट रूपमा राखियो । विशेष गरी, अतिकम विकसित र हिमाली मुलुकहरूका साझा चुनौती, प्रविधि हस्तान्तरण, आर्थिक साझेदारी र दिगो विकासका लक्ष्यहरू हासिल गर्ने दिशामा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन सक्नु भ्रमणको महत्वपूर्ण सबल पक्ष हो।

भ्रमणको सबैभन्दा अहम् र दूरगामी पाटो जलवायु परिवर्तन र त्यसले नेपालमा पारेको अकल्पनीय विनाशप्रतिको विश्वव्यापी ध्यानाकर्षण थियो। विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा पनि कम छ, तर हिमाली क्षेत्रमा पग्लिँदै गएका हिमनदी र त्यसबाट उत्पन्न बाढी–पहिरोले अपार जनधनको क्षति पुर्‍याइरहेको छ।

राष्ट्रसङ्घको मञ्चबाट प्रधानमन्त्रीले यस पीडालाई कुनै 'दया वा मानवीय सहायता'का रूपमा नभई 'जलवायु न्याय' र प्रमुख उत्सर्जक राष्ट्रहरूको ऐतिहासिक उत्तरदायित्वका रूपमा उठाउनुभयो। नेपालले भोगेको नोक्सानीको क्षतिपूर्ति र 'हानि तथा नोक्सानी' कोषमाथिको अधिकारलाई दृढतापूर्वक दाबी गरिनु यो भ्रमणको सबल कूटनीतिक पक्ष हो।

तथापि, जलवायु क्षतिपूर्तिको दाबी र त्यसको व्यावहारिक प्राप्तिबीचको खाडल भने अझै निकै ठूलो र चुनौतीपूर्ण छ । राष्ट्रसङ्घीय सम्बोधन र कूटनीतिक पत्रमार्फत क्षतिपूर्तिको दाबी पेस हुनु सुरुआती सफलता भए पनि अन्तर्राष्ट्रिय जलवायु वित्तको जटिल प्रक्रियाबाट रकम भित्र्याउन सहज छैन । प्रमुख औद्योगिक तथा उत्सर्जक राष्ट्रहरू आफ्ना वित्तीय प्रतिबद्धता र ऐतिहासिक दायित्व पूरा गर्न प्रायः हिचकिचाउने गरेका छन् । केवल मञ्चको वक्तव्यले मात्र तत्काल क्षतिपूर्तिको रकम खातामा आइहाल्ने स्थिति रहँदैन; त्यसैले सिद्धान्ततः बहसलाई नयाँ उचाइ दिए पनि व्यावहारिक वित्तीय राहतको दृष्टिकोणबाट यो भ्रमण अझै पर्ख र हेरको अवस्थामै छ।

समग्रमा, प्रधानमन्त्रीको अमेरिका भ्रमणले नेपालको जलवायु कूटनीतिलाई अन्तर्राष्ट्रिय राजनीतिको मूलधारमा स्थापित गर्न महत्त्वपूर्ण सफलता हासिल गरेको छ। अबको मुख्य दायित्व न्यूयोर्कमा अभिव्यक्त दृढता र दाबीहरूलाई परिणाममुखी कूटनीतिक पहलमा बदल्नु हो । सरकारले जलवायु क्षतिपूर्तिको दाबीलाई तार्किक निष्कर्षमा पुर्‍याउन प्रमाणमा आधारित तथ्यांक, वातावरणीय क्षति मूल्याङ्कन र जलवायु–जोखिममा परेका मित्रराष्ट्रहरूसँगको साझा मोर्चालाई बलियो बनाउनुपर्छ । न्यूयोर्कको मञ्चमा उठेको आवाजलाई ठोस वित्तीय र नीतिगत सहयोगमा रूपान्तरण गर्न सके मात्र यो भ्रमण वास्तविक अर्थमा दूरगामी र ऐतिहासिक ठहरिनेछ।

# नेपालको 'भिक्टिम कार्ड' मात्र होइन प्रधानमन्त्रीको सम्बोधन

–एकराज पाठक

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभामा नेपालले नगण्य मात्रामा कार्बन उत्सर्जन गरे तापनि जलवायु परिवर्तनको सबैभन्दा नराम्रो परिणाम नेपालले नै भोग्नुपर्ने अवस्था विडम्बनापूर्ण रहेको बताउनुभएको छ । यसकारण नेपालले जलवायु न्याय पाउनुपर्ने दाबी पेस गर्दै जलवायु न्याय केवल राष्ट्रसङ्घको दस्ताबेजमा सजाएर राख्ने सुन्दर शब्दावली मात्र बन्न नहुने तर्क प्रधानमन्त्रीले गर्नुभयो।

ऐतिहासिक रूपमा बढी प्रदूषण गर्ने राष्ट्रहरूले अब बढी जिम्मेवारी लिनुपर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, 'जलवायु न्याय संयुक्त राष्ट्रसङ्घको दस्ताबेजमा मात्र सीमित एउटा सुन्दर वाक्यांश बन्नुहुँदैन । हाम्रा नागरिकले निरन्तर आफ्नो विगतको पुनर्निर्माण गरिरहनुको सट्टा अब आफ्नो भविष्य निर्माण गर्न पाउनुपर्छ । त्यसैले हामीले न्याय पाउनुपर्छ ।'

प्रधानमन्त्री शाहले नेपाल जलवायु परिवर्तनसम्बन्धी सबै पक्षले आ–आफ्ना दायित्व पूरा गरून् भन्ने पक्षमा रहेको पनि बताउनुभयो । उहाँले जलवायुजन्य विपद्लाई भूराजनीतिक आरोप–प्रत्यारोपको विषय बनाउन नहुनेमा समेत जोड दिनुभयो। नेपालमा पछिल्ला विपद्का कारण भएको क्षतिको जानकारी दिँदै उहाँले हिमालय क्षेत्रलाई तनावको क्षेत्र नभई जलवायुजन्य जोखिमबाट हुने क्षति न्यूनीकरणका लागि साझा प्रयोगशाला बनाउनुपर्नेमा जोड दिनुभयो।

सम्बोधनकै क्रममा प्रधानमन्त्रीले 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्म' स्थापना गर्ने प्रस्ताव गर्नुभएको छ। नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालयन क्लाइमेट रेजिलियन्स् मेकानिज्म' स्थापना गर्नुपर्ने उहाँको तर्क थियो।

हिन्दुकुश हिमालय क्षेत्र करिब दुई अरब मानिसको पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जनसँग जोडिएको र यो क्षेत्र नै पृथ्वीको जीवन प्रणालीको महत्वपूर्ण हिस्सा भएकाले यसको संरक्षणका लागि यस्तो संयन्त्र आवश्यक रहेको उहाँको तर्क थियो। प्रस्तावित संयन्त्रमार्फत स्याटेलाइट तथ्याङ्क र विशेषज्ञता आदानप्रदान गर्ने, जोखिमयुक्त हिमतालको निगरानी गर्ने, संयुक्त पूर्वसूचना प्रणाली बलियो बनाउने तथा विपद्का समयमा सीमापार सहायता समन्वय गर्ने प्रस्ताव उहाँले अघि सार्नुभएको छ । हिमालयलाई खण्डित सूचनाको सीमारेखा नभई अन्तरराष्ट्रिय सहकार्यको प्रयोगशाला बनाउनुपर्ने जस्तो महत्वपूर्ण विचार उहाँले राख्नुभयो।

जलवायु सङ्कटबाट प्रभावित गरिब मुलुकलाई केवल ऋण वा साना अनुदानको टुक्रे व्यवस्थाले पुग्न नसक्ने भन्दै विश्वबाट पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक रहेको र यसका लागि हाल विश्वमा विद्यमान रहेका वित्तीय संयन्त्रहरु पर्याप्त नभएको तर्क पनि गर्नुभयो।

हुन पनि हो, प्रकृतिको पर्खाल हुँदैन, विपत्तिलाई बारले छेक्दैन । प्रधानमन्त्रीले भन्नुभएजस्तै जलवायु परिवर्तनले सीमा चिन्दैन, हिमनदी र बाढीले पासपोर्टमा भिसा लगाएर यात्रा गर्दैनन् । यसको पछिल्लो उदाहरण भोटेकोशी बाढीलाई लिँदा गल्ती हुँदैन। किनभने चीनतर्फबाट आएको हिमाली सुनामीसरहको बाढीले यसरी बढार्‍यो कि त्यहाँ भूगोलले छुट्याएको चीन नेपाल सीमाको कुनै कुरै आएन। विपत्तिले क्षति दुवैतर्फ नै गर्‍यो। नेपालतिरको भूगोल गहिरो भएकाले पानी तलै बग्यो र हामीलाई धेरै हान्यो, त्यो अस्वभाविक होइन।

यो प्रसङ्ग यहाँ प्रस्तुत गर्न किन आवश्यक छ भने हामी कार्बन उत्सर्जनमा निकै कम योगदान भएका राष्ट्र हौँ तर हामी नै प्रकृतिको बढी कोपभाजन बन्न पुगेका छौँ। कार्बन उत्सर्जनमा हाम्रो योगदान नगण्य छ भने हाम्रा उत्तरी र दक्षिणी छिमेकीको विश्वकै सबैभन्दा बढी हरित गृह ग्यास तथा कार्बन उत्सर्जनको गणनामा आउने गर्दछ।
हाम्रा छिमेकीको यो प्रतिशत विश्वकै गणनाको भएकाले यो हेरेपछि एउटा सामान्य र सीधा हिसाब के निकाल्न सकिन्छ भने हाम्रा छिमेकी पनि नेपालको असरबाट धेरै टाढा छैनन्, बरु जोखिममै जोडिएका छन् । अर्थात् प्राकृतिक विपत्तिबाट धेरै सुरक्षित तथा निकै पर चाहिँ छैनन्।

प्राकृतिक विपत्ति सिमाना छुट्याएर आउँदैन र विनाशका लागि यसले भूगोल छान्दैन भन्ने उदाहरण यसअघि खुलाइएको छ भोटेकोशी बाढीको। यसको उदाहरण प्रधानमन्त्री शाहले नै प्रस्तुत पनि गर्नुभयो । किनभने त्यो महाविनाशले पहिला चीनतर्फको भूगोलमा क्षति पौँचाएरै नेपाल प्रवेश गरेको छ। नेपाल गहिरो भूगोलको बनोटमा परेकाले हामीकहाँ महाविनाश गर्‍यो, बाढी ओरालो बगेकाले क्षति हामीलाई बढी भयो।

अर्कातर्फ यो महाविनाशमा भारतीय नागरिक पनि परेका छन् । सिमानाले छुट्याए पनि आखिर धार्मिक, प्राकृतिक र अरु साहसिक पर्यटक त एउटै आँगनसरि हिँडडुल र यात्रा गर्न रुचाउँछन्। यो विपत्तिका समयमा गोसाइँकुण्ड जाने भारतीय पनि थिए र सदगुरुको अगुवाइको सहितका कैयौँ टोली चीनको मानसरोबर यात्रामा जाने भारतीय तथा नेपाली पनि थिए।

त्यसबेला महाविनाशले हान्दै गर्दा भूगोल र नागरिक चिन्ने कुरा पनि भएन। विपत्ति सबैका लागि बराबर हो, सान्त्वना र सहानूभुति पनि यो या उ भूगोलका लागि नभएर मानवताकै लागि हो। यहाँनेर यो आलेखको आसय यो हो कि जलवायु परिवर्तनको असर सबैको साझा समस्या हो, त्यसैले यसको निराकरण या रोकथामको प्रयास पनि सबैको साझा कर्ममै हुनु जरुरी छ। जसरी अघि भनिएजस्तै विपत्तिले भूगोल छान्दैन र कुनै पनि देशको नागरिकता चिन्दैन, त्यसैगरी यसको प्रकार प्रकृतिको पहिचान र निराकरणमा पनि सबैको साझा पहलले नै धेरै रोकथामको काम गर्नेछ।

उहाँको सम्बोधनमा नेपालले प्रकृतिमैत्री जीवनशैली अपनाएका विषयहरु मात्र समेटिएको छैन कि विशाल हिमालय क्षेत्र र बृहत् नदी प्रणालीमार्फत विश्व जलवायु तथा वातावरण संरक्षण र प्रवद्र्धनमा नेपालले योगदान पुर्‍याउँदै आएको तथ्य पनि विश्वसमुदायलाई जानकारी गराइएको छ।

जलवायु वित्तमा पहुँचका लागि कमजोर मुलुकले वर्षौंसम्म कागजी प्रक्रिया पूरा गरेर सहयोग माग्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने आसय यो सम्बोधनमा छ । यसलाई पनि प्रधानमन्त्री शाहले हामीजस्ता पीडित राष्ट्रमाथिको 'ब्युरोक्र्याटिक अलमल' को संज्ञा दिनुभएको छ । योसँगै उहाँले नेपालले आफ्नो पारिस्थितिक योगदानभन्दा बढी विश्वव्यापी भूमिका निर्वाह गरिरहेको तथ्य पनि स्पष्ट गर्नुभएको छ।

यसअघि यो महासभामा परराष्ट्रमन्त्री शिशिर खनाल जाने तय भएकामा भोटेकोशीमा गत भदौ १० गते आएको भायानक बाढी र त्यसले नदी तटीय क्षेत्रका रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरुमा गरेको त्रासदीपूर्ण क्षतिपछि जलवायुजन्य यो घातक परिणामका बारेमा विश्व समुदायलाई जनकारी दिई नेपाललाई जलवायु न्यायका लागि याचना गर्न स्वयं प्रधानमन्त्री नै त्यहाँ जानुभएको हो।

यसै महासभाको उद्धाटन सत्रमा राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले नेपालले जलवायु परिवर्तनका कारण अकल्पनीय क्षति व्यहोरिरहेको विषयमा आवाज बुलन्द गरिदिएको दुई दिनपछि प्रधानमन्त्री शाहले पनि सोही मञ्चमा नेपालका तर्फबाट यो आवाज उठाउनुभएको हो।

महासचिव गुटेरेसले नेपालमा आफू दुई वर्षअघि पुगेका बेला त्यहाँको हिमाल निकै नै दुरत गतिमा पग्लिरहेको र जसका कारण नेपाल त छँदैछ, यसले विश्वलाई नै असर गर्ने विषयमा कुरा उठाएको स्मरण गर्दै आज सोही रुपमा नै नेपालमा भोटेकोशी बाढीले क्षति गरेको कुरा उठाउनुभएको थियो।

जलवायुजन्य विपत्तिको क्षतिपूर्तिका सन्दर्भमा पनि प्रधानमन्त्री र महासचिवको धारणा मिल्न आउँछ । जस्तो कि महासचिवले जसले जलवायु परिवर्तनका लागि योगदान पुर्याएको छ त्यही राष्ट्रले नै क्षतिपूर्ति तिर्नुपर्ने कुरा महासभामा राख्नुभएको थियो। उहाँले प्रस्तुत गर्नुभएको यो तथ्यले पनि नेपाललाई विश्व सामु जलवायु न्यायका लागि प्रस्ताव राख्न सहज बनाएको छ।

यही धारणा प्रधानमन्त्री शाहले पनि राख्नुभयो । उहाँले नेपालका लागि जलवायुजन्य महाविपत्ति केवल मानवीय घटना मात्र नभई विकासको आपत्काल समेत रहेको उल्लेख गर्दै जसले बढी मात्रामा कार्बज उत्सर्जन गरेका छन् तिनै राष्ट्रहरूले नै बढी जिम्मेवारी लिनुपर्ने धारणा राख्नुभयो । प्रधानमन्त्रीले न्यायको तुलना पैसासँग गर्न नमिल्ने तर्क विश्व समुदायसँग गरेजस्तै गरी नेपालले पनि विगत लामो समयदेखि यस्तै अन्तरराष्ट्रिय मञ्चहरुमा न्याय माग्दै आएको छ।

हामीमाथि निरन्तर बज्रिरहेको विपत् वास्तवमा हामीलाई नखाएको विष लागेजस्तै हो । नेपालले केवल विदेशीसँग दुःख देखाएको मात्र होइन, आफूले पाउनुपर्ने न्यायको आवाज बुलन्द पारेको हो। यो तथ्यलाई प्रधानमन्त्रीले स्पष्ट राख्नुभएको छ। त्यसैले यसलाई सम्बद्ध देश, सरोकारवाला तथा विश्व समुदायले यो नेपालको 'भिक्टिम कार्ड' अर्थात् दुःखका साथ गरिएको पीडितको याचना होइन भनेर बुझ्नु आवश्यक छ। किनभने हिमाल विश्वको छानो भएकाले हिमाल र प्रकृति जोगाउनु पनि सबैको दायित्व हो। रासस

# भोटेकोशी बाढीको महाविपद एक महिना:

## खोज, उद्धार तथा राहत वितरण जारी, पुनर्निर्माणमा चुनौती

राष्ट्रिय समाचार समिति(रासस)

रसुवाको भोटेकोशी नदीमा अकस्मात बाढी गएको एक महिना भएको छ। गत भदौ १० गते विहान गएको सो अकल्पनीय बाढीको महाविपदबाट रसुवा, नुवाकोट, धादिङ सहितको जिल्लाका विभिन्न स्थानहरूमा अकल्पनीय मानवीय र भौतिक संरचनामा क्षति पुर्‍याएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरकण तथा व्यवस्थापन प्राधिकरणको पछिल्लो विवरण अनुसार बाढीबाट हालसम्म एकहजार ४५३ जनाको अकालमा मृत्यु भएको छ भने पाँच हजार ५५० जना अझै बेपत्ता छन्। यसैगरी १३ हजार ७९५ जनाको उद्धार गरिएको छ । उद्धार गरिएका प्रभावित आश्रयस्थलमा पनि छन्। बाढी प्रभावितको खोज, उद्धार तथा राहत सहित अन्य सेवाका लागि तीनवटै सुरक्षा निकायका २० हजार ४७७ सुरक्षाकर्मी अहोरात्र तल्लीन छन्।

बाढीबाट ४ खर्ब ८ अर्ब २८ करोडभन्दा बढीको क्षति तथा नोक्सानी भएको आकलन गरिएको छ । उक्त विपद्को द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदन अनुसार पुनर्निर्माण एवं पुनस्र्थापनाका लागि ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपैयाँ आवश्यक पर्नेछ । विनाशकारी बाढीबाट ७ हजार ५७० निजी घरहरू क्षतिग्रस्त भएका छन्। यसबाहेक ४८ सार्वजनिक भवन, १८ विद्यालय, ७ स्वास्थ्य संस्था र ३० सांस्कृतिक सम्पदामा क्षति पुगेको छ । सात सय ५९ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना र २४ मेगावाटका पाँचवटा सोलार प्लान्ट प्रभावित भएका छन् भने ६९ किलोमिटर सडकखण्ड क्षतिग्रस्त, ३७ वटा मोटरेबल पुलमा क्षति पुगेकोमा ३३ बगेका छन् । यस्तै, ६८ वटा झोलुंगे पुलमा क्षति पुगेको छ। करिव सात हजार ५७० घरहरु प्रभावित हुँदा आठ हजार ३०० घरपरिवार र करिव ४० हजार जनसङ्ख्या प्रभावित भएका छन् । बाढीका कारण उत्पादन क्षेत्रअन्तर्गत एक हजार ८०६ हेक्टर कृषि बालीका साथै पशुपालन, पंक्षीपालन तथा माछापालन पनि प्रभावित भएको छ। त्यसैगरी, १७ बैंक शाखा र चार हजार ८०० व्यापारिक प्रतिष्ठान प्रभावित भएका छन्। बाढी प्रभावितको खोज, उद्धार तथा राहत वितरण जारी छ भने क्षतिग्रस्त झोलुङ्गे पुल पुनर्निर्माण, सडक सञ्जालको पहुँचले जोड्ने लगायतका कार्य द्रुत जारी छ।

**'संकटमा 'राज्य र रेडक्रस उपस्थित छन्'**

विनाशकारी बाढीगए लगत्तै रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी)को महासचिव तथा प्रमुख कार्यकारी अधिकृत जगन चापागाईंले आवश्यक समन्वय एवं पहल गरी आपत्कालीन सहयोग कोष (ड्रिफ) मार्फत् ( १२ लाख अमेरिकी डलर ) खर्च गर्न स्वीकृति सुनिश्चित गर्दै बाढी प्रभावितको तत्काल खोज, उद्धार तथा राहतमा जुट्न नेपाल रेडक्रसको स्वयंसेवक र 'आइएफआरसी'का 'टिम'लाई आह्वान गर्नुभएको थियो।

साथै नेपाल रेडक्रस सोसाइटीले आफ्नो आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाइ सम्बन्धित जिल्ला शाखा तथा स्वयंसेवकहरूलाई बाढी प्रभावितको खोज, उद्धार परिचालित गरेको थियो । सोसाइटीका अध्यक्ष डा विशालकुमार भण्डारीका नेतृत्वमा एक टोलीले तत्काल प्रभावित क्षेत्रको स्थलगत भ्रमण गरी बाढी प्रतिकार्य सञ्चालनलाई अगाडि बढाएको थियो।

स्वयंसेवकहरूले खोज तथा उद्धारमा सहयोग गर्नुका साथै प्रभावित समुदायको तत्कालीन आवश्यकता पहिचान र समन्वयमा सहयोग पुर्‍याइरहेका छन् । 'आइएफआरसी'को 'ड्रिफ' ले विपद प्रभावितलाई तत्काल उद्धार र राहत सुरुआत गर्न सम्भव बनाइरहेको छ । यसबाट खानेपानी, टेन्ट, तारपोलिन, कम्बल, ओछयाउने म्याट, प्राथमिक उपचार, स्ट्रेचर, शव व्यवस्थापनका लागि सामग्री (डेथ बडी–ब्याग), मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सहयोग, आपतकालीन स्वास्थ्य सेवा, सरसफाइ 'किट' जस्ता सामग्री तथा सेवा छिटो भन्दा छिटो प्रभावित स्थानमा पठाउन र वितरण गर्न सम्भव भएको जनाइएको छ।

महासचिव तथा प्रमुख कार्यकारी अधिकृत चापागाईंले भन्नुभयो, 'ड्रिफ समयमा निकासा हुँदा तत्काल बाढी प्रतिकार्यमा सहयोग पुर्‍यायो । स्वयंसेवक सहित उद्धार टोली प्रभावित क्षेत्रमा पुग्न सफल भए। प्रभावितले राहत सामग्री उपयोग गर्न पाउनुभयो। यसले अकाल मृत्यु, रोग र थप मानवीय पीडाको संकट घटाउन सहयोग पुर्‍यायो । यसबाट विश्वासको वातावरण निर्माण बनाउन सहयोग पुर्‍यायो । संकटका अवस्थामा 'राज्य र रेडक्रस उपस्थित छन्' भन्ने अनुभूति समुदायमा दिलायो। यसले सामाजिक तनाव र अविश्वास घटाउन सहयोग पुर्‍यायो।'

भोटेकोशी बाढीमा 'फ्ल्यास फ्लड'को प्रकृतिअनुसार स्रोत परिचालनको गति पनि अत्यन्तै छिटो भएको र 'ड्रिफ' र आपतकालीन अपिल अत्यन्त छिटो सक्रिय रहेको उहाँले जानकारी दिनुभयो। महासचिव चापागाईँ भन्नुभयो, 'भोटेकोशी बाढी प्रतिकार्यलाई 'जलवायु संवेदनशील मानवीय प्रतिकार्य'को एउटा महत्वपूर्ण 'मोडेल' बन्न सक्छ।'

बढी प्रतिकार्य अन्तर्गत विभिन्न मानवीय सहायताका काम निरन्तर जारी रहेको नेपाल रेडक्रसले जनाएको छ । नेपाल रेडक्रसको महामन्त्री ऋषिरमण खनालले भोटेकोशी बाढी गएको सुरुआती दिनदेखि प्रतिकार्य निरन्तर जारी रहेको जानकारी दिनुभयो । उहाँले सुरुआती क्षणमा बाढी प्रभावितको खोज,उद्धारमासहयोगको साथसाथै हाल आवास तथा गैरखाद्य, खाद्य सामग्रीको वितरण, खानेपानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य तथा मनोसामाजिक सहयोग, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग तथा प्राथमिक मनोसामाजिक सहयोग, रेडक्रस आपत्कालिन स्वास्थ्य क्लिनिक, परिवार पुनर्मिलन तथा सम्पर्क पुनःस्थापना, बहुउद्देश्यीय नगद सहायता÷नगद तथा भौचर सहायता लगायतका क्षेत्रमा मानवीय सेहायता निरन्तर जारी रहेको बताउनुभयो।

**मानवीय सहायता निरन्तर जारी**

महामन्त्री खनालद्वारा जारी विज्ञप्तिका अनुसार हालसम्म आवास तथा गैरखाद्य सामग्रीको वितरण अन्तर्गत एकहजार २१८ सेट, त्रिपाल ५६३ थान, म्याट्रेस ७०१ थान र कम्बल एकहजार ३२४ थान वितरण गरिएको भने करिव दुई हजार प्रभावित परिवारलाई खाद्य सामग्री सहयोग गरिएको छ । एकमहिनाका अवधिमा बाढी प्रभावित दुई हजार २०० घरधुरीमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा पुर्‍याएको, १८ पानी ट्याङ्की व्यवस्थापन गरिएको र आवश्यक स्थानहरुमा ट्याङ्करबाट पानी वितरण गरिएको सोसाइटीले जनाएको छ। विज्ञप्तिमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग तथा प्राथमिक मनोसामाजिक सहयोगबाट एकहजार ७१० बाढी प्रभावित लाभन्वित भएका, रेडक्रस आपत्कालिन स्वास्थ्य क्लिनिक सेवाबाट एकजार २३९ जनालाई आवश्यक स्वास्थ्य परीक्षण, औषधि अन्य आवश्यक सेवा उपलब्ध गराएको, परिवार पुनर्मिलन तथा सम्पर्क पुनःस्थापनाबाट दुईहजार २९१ खोजतलाससम्बन्धी 'केस'मा सेवा तथा सहजीकरण गरिएको साथै नेपाल सरकारका विभिन्न सुरक्षा निकायहरुलाई दुईहजार शव व्यवस्थापन झोला उपलब्ध गराइएको उल्लेख छ।

विज्ञप्तिमा बहुउद्देश्यीय नगद सहायता÷नगद तथा भौचर सहायता सेवा अन्तर्गत बाढीबाट प्रभावित समुदायको तत्काल आवश्यकता परिपूर्तीको लागि धादिङको १९८ र नुवाकोटका २६२ घरधुरीलाई नगद सहयोग उपलब्ध गराइएको, समुदायको गुनासा, सुझाव तथा आवश्यकता सङ्कलन सेवा अन्तर्गत विभिन्न माध्यमबाट समुदायबाट प्राप्त करिब ३५० गुनासा, जिज्ञासा, अनुरोध तथा सुझावहरू संकलन गरी आवश्यक जानकारी, सहजीकरण तथा 'रेफरल' सेवा प्रदान गरिएको, संरक्षण, लैङ्गिक तथा समावेशीकरण अन्तर्गत मर्यादा 'किट' ५८७ र स्वच्छता किट एकहजार ०८७ वितरण गरिएको तथा बालमैत्री सुरक्षित स्थान मार्फत् एकहजार १८९ बालबालिकालाई सेवा उपलब्ध गराएको उल्लेख छ। मर्यादा 'किट' ५८७ र स्वच्छता किट एकहजार ०८७ वितरण गरिएको तथा बालमैत्री सुरक्षित स्थान मार्फत् एकहजार १८९ बालबालिकालाई सेवा उपलब्ध गराएको उल्लेख छ।

सूचना तथा सहायता कक्ष सेवा अन्तर्गत प्रभावित समुदायलाई सूचना, आवश्यक सहयोग तथा सहजीकरण उपलब्ध गराउन विभिन्न १७ स्थानमा सहायता÷सूचना कक्ष सञ्चालन गरी सेवा उपलब्ध गराएको र सूचना, शिक्षा तथा सञ्चार सामग्री सेवा अन्तर्गत बाढी प्रभावित समुदायका लागि बाढी तथा पहिरोबाट सुरक्षित रहने उपाय, भारी वर्षासम्बन्धी पूर्वसूचना तथा सुरक्षा सन्देश, खानेपानी तथा सरसफाइ, पानी शुद्धीकरण, स्वास्थ्य तथा सरसफाइ, परिवार पुनर्मिलन तथा सम्पर्क पुनःस्थापना, राहत तथा सेवामा पहुँच, बहुउद्देश्यीय नगद सहायता तथा समुदायको गुनासा÷सुझाव दर्ता गर्ने प्रक्रियासम्बन्धी सूचना सामग्री विकास गरी रेडक्रसको सामाजिक सञ्जाल र रेडियो मार्फत प्रचारप्रसार गरिएको पनि विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ 'विशेषगरी विस्थापित तथा जोखिममा रहेका परिवारको अवस्था, मौसमजन्य जोखिम र स्थानीय आवश्यकताका आधारमा राहत तथा मानवीय सहायता निरन्तरता दिने, आवश्यक सामग्रीको समयमै व्यवस्थापन गर्ने तथा प्रभावित समुदायको आवश्यकता र प्राथमिकताअनुसार प्रतिकार्यलाई थप सुदृढ गर्ने विषय नेपाल रेडक्रसको प्राथमिकतामा रहेको छ । साथै, प्रभावित परिवारको पुनःस्थापना तथा पुनर्लाभका लागि नेपाल सरकारका प्राथमिकतामा रहेका क्षेत्रहरूमा सहयोग पुग्ने गरी आवास, स्वास्थ्य, जीविकोपार्जन, खानेपानी तथा सरसफाइ लगायतका क्षेत्रमा आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्ने योजना छ। यस विपद्का समयमा प्रभावित समुदायको जीवनरक्षा, राहत तथा मानवीय सहायता र आवश्यक सेवाहरू निरन्तर सञ्चालन गर्न सहयोग पुर्‍याउनुहुने रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, साझेदार राष्ट्रिय सोसाइटी, नेपाल सरकार तथा सम्बन्धित सरकारी निकाय, स्थानीय तह, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, निजी क्षेत्र, सञ्चारमाध्यम, स्वयंसेवक तथा सहयोगी व्यक्ति र सम्पूर्ण सरोकारवालाहरूप्रति नेपाल रेडक्रस धन्यवाद तथा आभार व्यक्त गर्दछ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## विनाशकारी बाढीमा बेपत्ता कुहडीका

# दुई ट्रक चालकका परिवारसँग मेयर सिंहको भेट

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी लामो समयदेखि बेपत्ता रहेका वीरगंज महानगरपालिका–२७ उदयपुरघुर्मीस्थित कुहडी गाउँका दुई ट्रक चालकका परिवारलाई नगर प्रमुख राजेशमान सिंहले भेट गरी उनीहरूको अवस्थाबारे जानकारी लिएका छन्। भदौ १० गते बिहान भोटेकोशी नदीमा एक्कासि आएको बाढीमा परी कुहडी गाउँका २९ वर्षीय सागर कर्ण र २८ वर्षीय मुन्ना अंसारी बेपत्ता भएका थिए। दुवै जना ट्रक चालक हुन्। रसुवा भन्सारबाट सामान लिएर फर्किने तयारीमा रहेका उनीहरू बाढी आएपछि सम्पर्कविहीन भएको परिवारजनले बताएका छन्।



शनिबार पीडित परिवारसँग भेट गर्दै नगर प्रमुख सिंहले बाढीमा बेपत्ता भएका व्यक्तिको अवस्था, खोजीका क्रममा भएका प्रयास तथा परिवारले भोगिरहेको पीडाबारे जानकारी लिएका हुन्। उनले विपद्का कारण आफन्त गुमाउने तथा बेपत्ता हुने परिवारको दुःखमा महानगरपालिका साथमा रहेको बताउँदै आवश्यक सहयोग र समन्वयका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। अचानक आएको बाढीले दुई परिवारलाई लामो समयदेखि अनिश्चितताको पीडामा राखेको छ। आफन्त जीवितै भेटिने आशा र अवस्थाबारे कुनै निश्चित जानकारी नपाउँदाको पीडा परिवारले खेपिरहेका छन्। यस्तो अवस्थामा स्थानीय सरकारको प्रत्यक्ष उपस्थिति र समन्वयले पीडित परिवारलाई राहत पुग्ने अपेक्षा गरिएको छ।

नगर प्रमुख सिंहले यसअघि पनि भोटेकोशी बाढीमा बेपत्ता भएका वीरगंजका परिवारसँग भेट गर्दै उनीहरूको अवस्था बुझ्दै आएका छन्। उनले वीरगंज महानगरपालिका–२२ जगरनाथपुरको एउटै टोलबाट बेपत्ता भएका ६ जनाका परिवारसँग भेट गरी खोजी तथा राहतका विषयमा जानकारी लिएका थिए। त्यसैगरी वडा नम्बर ८ का बेपत्ता परिवारसँग पनि भेट गरी उनीहरूको अवस्थाबारे जानकारी लिइसकेका छन्।

भोटेकोशी बाढीपछि वीरगंज महानगरपालिकाका विभिन्न वडाका नागरिक बेपत्ता भएपछि महानगरपालिकाले प्रभावित परिवारसँग प्रत्यक्ष सम्पर्कमा रहेर आवश्यक सहयोग तथा सम्बन्धित निकायसँग समन्वयको काम अघि बढाइरहेको जनाएको छ। बेपत्ता व्यक्तिको अवस्था अझै स्पष्ट हुन नसकेको अवस्थामा परिवारको पीडा सम्बोधन गर्दै खोजी, पहिचान र आवश्यक राहतका लागि प्रभावकारी समन्वय आवश्यक देखिएको छ।

## लालबकैया नदीमा बेपत्ता

# युवकको २७ घण्टापछि शव फेला



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको लालबकैया नदीमा बेपत्ता भएका बाराका एक युवकको करिब २७ घण्टापछि शव फेला परेको छ।

बाराको सिम्रौनगढ नगरपालिका–११ कटहरिया टोलका २७ वर्षीय सचिन्द्र यादवको शव शनिबार अपराह्न करिब ४ बजे नदी किनारमा फेला परेको हो। प्रहरीका अनुसार यादवको शव मौलापुर नगरपालिका–४ स्थित घटनास्थलबाट करिब १०–१२ किलोमिटर तल फतुवा क्षेत्रको लालबकैया नदी किनारमा फेला परेको हो।

यादव शुक्रबार दिउँसो करिब १ बजे मौलापुर–४ स्थित लालबकैया नदीको पुलबाट नदीमा हाम फालेपछि बेपत्ता भएका थिए। उनी आफ्ना दाइ ३५ वर्षीय सिकिन्द्र यादवले चलाएको मोटरसाइकलमा कचोर्वाबाट गरुडा उपचारका लागि जाँदै थिए। मौलापुरस्थित पुलमा पुगेपछि सचिन्द्रले मोटरसाइकल रोक्न लगाएर ओर्लिएको र त्यसपछि नदीमा हाम फालेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले जानकारी दिए। प्रहरीका अनुसार सचिन्द्रको मानसिक स्वास्थ्यसम्बन्धी समस्या रहेको परिवारबाट जानकारी प्राप्त भएको थियो।

घटनालगत्तै बेपत्ता युवकको खोजीका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको थियो। इलाका प्रहरी कार्यालय मौलापुरका प्रमुख इन्स्पेक्टर भरत केसीको कमान्डमा प्रहरी टोली तथा सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प देवाही गोनाहीबाट इन्स्पेक्टर दिलबहादुर नेपालीको नेतृत्वमा गोताखोरसहितको टोली खोजीमा खटिएको थियो।

लालबकैया नदीमा पानीको तीव्र बहाव र गहिराइका कारण खोजी कार्य चुनौतीपूर्ण बनेको थियो। कठिन परिस्थितिका बाबजुद सुरक्षाकर्मीले शुक्रबारदेखि नै नदी तथा आसपासका क्षेत्रमा निरन्तर खोजी गरिरहेका थिए। शनिबार अपराह्न खोजीका क्रममा फतुवा क्षेत्रस्थित नदी किनारमा यादवको शव फेला परेको प्रहरीले जनाएको छ।

शव फेला परेपछि प्रहरीले आवश्यक कानुनी प्रक्रिया अघि बढाएको छ। इलाका प्रहरी कार्यालय मौलापुरका अनुसार शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल गौर पठाउने तयारी भइरहेको छ।

# ‘बारुद सिंह’ हत्या प्रकरणमा दोषी

**मधेशदृष्टि**
**रौतहट।**
अपहरण, शरीर बन्धक तथा सङ्गठित अपराध लगायतका मुद्दामा रौतहट कारागारमा सजाय भोगिरहेका ‘बारुद सिंह’ भनिने सुरेन्द्रप्रसाद यादव स्थानीय दुई युवा हत्या प्रकरणमा पनि दोषी देखिएका छन्।

गरुडा नगरपालिका–७ का ३२ वर्षीय नागेन्द्र बैठा र वडा नं २ का २८ वर्षीय प्रमानन्द सहनीको २०६४ साल वैशाख ३१ गते राति १ बजे गढीमाई नगरपालिका–६ पिपरिया दोसतिया भन्ने स्थानमा गोली हानी हत्या भएको थियो। उक्त घटनामा निज यादव संलग्न देखिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार अज्ञात समूहले चलाएको गोलीबाट मृत्यु भएका भनिएका बैठा र सहनी हत्या घटनाको छानबिन तथा अनुसन्धानका क्रममा, तत्कालीन तराई जनतान्त्रिक मुक्ति मोर्चालगायत भूमिगत सङ्गठनमा आबद्ध यादव मुख्य अभियुक्तका रूपमा देखिएका हुन्।

१९ वर्षअघिको उक्त घटनाको लामो अनुसन्धान पछि दुइ युवकको हत्यामा मुख्य अभियुक्तका रूपमा निज यादवको पहिचान भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# जिराभवानीमा ‘पहिलो भेट्रान कप’ हुँदै




**मधेशदृष्टि**
**वीरगंज।**
गाउँघरमा खेलकुदको माहोल विस्तार गर्दै नयाँ पुस्तालाई फुटबलतर्फ आकर्षित गर्ने उद्देश्यले पर्साको जिराभवानी गाउँपालिका–२ सेढवामा ‘प्रथम जिराभवानी भेट्रान कप–२०८३’ आयोजना हुने भएको छ। सेढवास्थित मिनी रंगशालामा असोज २४ गतेदेखि ३१ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा ४० वर्ष उमेर पार गरेका खेलाडीहरू प्रतिस्पर्धामा उत्रिनेछन्। जिराभवानी भेट्रान क्लबको आयोजना तथा प्रगति युवा समाज नेपाल, जिराभवानी–२ सेढवाको सहआयोजनामा प्रतियोगिता हुन लागेको हो।

प्रतियोगिताको तयारीबारे जानकारी गराउन शनिबार जिराभवानी भेट्रान क्लबले पत्रकार सम्मेलन आयोजना गरेको थियो। क्लबका अध्यक्ष चक्रधारी चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा युवा समाजसेवी कृष्ण चौधरी प्रमुख अतिथिका रूपमा सहभागी थिए।

पत्रकार सम्मेलनमा युवा समाजसेवी चौधरीले ग्रामीण क्षेत्रका युवालाई खेलकुदमा जोड्ने र उनीहरूलाई कुलत तथा नकारात्मक गतिविधिबाट टाढा राख्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए।

उनका अनुसार ४० वर्ष कटिसकेका खेलाडीहरू स्वयं मैदानमा फर्किएर फुटबल खेल्दा नयाँ पुस्तामा समेत खेलप्रतिको आकर्षण र उत्साह बढ्ने अपेक्षा गरिएको छ। ‘खेलकुदले युवालाई अनुशासित बनाउनुका साथै उनीहरूलाई सकारात्मक गतिविधिमा अघि बढाउन महत्वपूर्ण भूमिका खेल्छ,’ चौधरीले भने। प्रतियोगितामा १६ वटा भेट्रान क्लबलाई सहभागी गराउने लक्ष्य आयोजकले राखेको छ।

जिराभवानी भेट्रान क्लबका अध्यक्ष चक्रधारी चौधरीका अनुसार हालसम्म ११ वटा टोलीको सहभागिता निश्चित भइसकेको छ भने बाँकी टोलीलाई पनि प्रतियोगितामा सहभागी गराउने प्रक्रिया अघि बढिरहेको छ।

प्रतियोगिताको विजेताले नगद ५० हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन्। त्यस्तै उपविजेता टोलीलाई २५ हजार रुपैयाँ नगदसहित ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ।

आयोजकका अनुसार भेट्रान कप केवल प्रतिस्पर्धामा सीमित नभई लामो समयदेखि खेलमैदानबाट टाढिएका ४० वर्षमाथिका खेलाडीलाई पुनः सक्रिय बनाउने अवसरसमेत हुनेछ। साथै प्रतियोगिताले स्थानीयस्तरमा फुटबलको वातावरण निर्माण गर्नुका साथै नयाँ पुस्तालाई खेलकुदमा आकर्षित गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

गाउँस्तरमा भेट्रान खेलाडीलाई केन्द्रमा राखेर आयोजना हुन लागेको प्रतियोगिताले अनुभवी खेलाडीको खेलप्रतिको लगावलाई निरन्तरता दिनुका साथै युवा पुस्तामा खेलकुदप्रतिको सकारात्मक संस्कार विकास गर्ने आयोजकको विश्वास छ।

# विजुली पोलमा लगाइएको बोर्ड हटाइँदै

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा अनधिकृत रूपमा जथाभावी पोल तथा सार्वजनिक स्थानमा राखिएका होर्डिङ बोर्ड हटाउने कार्य तीव्र पारिएको छ। वीरगंज महानगरपालिकाका हरियाली संयोजक प्रकाश खेतानका अनुसार महानगर क्षेत्रभित्र अनुमति नलिई राखिएका होर्डिङ बोर्ड तथा विज्ञापन सामग्री हटाउने काम भइरहेको हो।

सार्वजनिक स्थानको सौन्दर्य कायम राख्न तथा अव्यवस्थित रूपमा राखिएका विज्ञापन सामग्री नियन्त्रण गर्न अभियान सञ्चालन गरिएको महानगरपालिकाले जनाएको छ।

# साढे २७ करोडभन्दा बढीको सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरीले पछिल्लो तीन महिनामा मधेश प्रदेशबाट झण्डै २७ करोड ८५ लाख रुपैयाँ बराबरको राजस्व छलिका सामान बरामद गरेको छ।

बरामद सामानमा किराना, लत्ताकपडा, सुर्तीजन्य पदार्थ, इलेक्ट्रोनिक्स, हार्डवेयर, मोटरपाट्र्स तथा श्रृङ्गारका सामग्री छन्। सामान ओसारपसारमा प्रयोग भएका १० करोड २२ लाख रुपैयाँभन्दा बढी मूल्यका सवारीसाधनसमेत नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ।

यस्तै, सो अवधिमा लागुऔषध, काठ तथा चाँदीसमेत बरामद गरिएको छ।

अवैध ओसारपसारमा संलग्न ८४ जनालाई कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# देउवा पक्षको छुट्टै महाधिवेशनको...

देउवासहित वरिष्ठ नेतासमेत सो समूहमा आबद्ध छन्।

पार्टीको मङ्सिरमा हुने १५औँ महाधिवेशनमा आफूहरू नयाँ जोश र जाँगरका साथ जान लागेको बताउँदै संयोजक डा. कोइरालाले भने, ‘हामी अत्यन्त गम्भीरतापूर्वक सोचेर अगाडि बढेका छौँ, हामी के चाहन्छौँ भने सबै साथै हिडौँ। सबै सँगै हिडौँ।’ उनले नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो प्रजातान्त्रिक र बलियो विचार भएको पार्टी भएको बताए। प्रजातान्त्रिक आन्दोलनको पक्षमा सदैव उभिँदै आएको पुरानो पार्टीका रुपमा स्थापित कांग्रेस अब नयाँ सोच र जोशका साथ अघि बढ्ने उनले स्पष्ट गरे।

संयोजक डा. कोइरालाले महाधिवेशनलाई सफल बनाउन सबैको साथ र सहयोगको अपेक्षा गरिएको पनि बताए। नेपाली कांग्रेसका पूर्वप्रवक्ता एवं इतर समूहका नेता डा. प्रकाशशरण महतले केन्द्रीय महाधिवेशन आगामी मङ्सिर २१, २२ र २३ गते काठमाडौँमा हुने जानकारी दिए। उनका अनुसार वडा तहको अधिवेशन असोज १५ गतेदेखि सुरु हुने कार्यतालिका छ।

# सार्वजनिक जग्गाको ‘बिटौरी’ शुल्क बुझाउँदैमा निजी स्वामित्व कायम नहुने सर्वोच्चको ठहर

**मधेशदृष्टि**
**महोत्तरी।**
सर्वोच्च अदालतले सरकारी, सार्वजनिक, पर्ती वा ऐलानी जग्गामा लामो समयदेखि बसोबास गर्दै आएको तथा स्थानीय तहलाई ‘बिटौरी’ शुल्क बुझाउँदै आएको आधारमा मात्रै जमिनमा व्यक्तिको निजी स्वामित्व वा भोगाधिकार कायम हुन नसक्ने स्पष्ट गरेको छ।

महोत्तरीको गौशाला नगरपालिका–५ का बृजनन्दन ठाकुर बडहीले सरकारी पर्ती जग्गामा करिब ४० वर्षदेखि घर बनाएर बसोबास गर्दै आएको र स्थानीय निकायलाई नियमित बिटौरी बुझाउँदै आएको आधारमा उक्त जग्गामा आफ्नो भोगाधिकार कायम हुनुपर्ने मागसहित अदालतमा मुद्दा दायर गरेका थिए। तर सर्वोच्च अदालतले जिल्ला र उच्च अदालतको फैसला सदर गर्दै उनको दाबी अस्वीकार गरेको हो।

न्यायाधीशद्वय हरिप्रसाद फुयाल र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले २०८३ साउन २७ गते गरेको उक्त फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो।

# ट्रकको ठक्करबाट स्कुटर चालकको मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
बाराको जितपुरसिमरा उपमहानगरपालिका–२२, तीन नम्बर पुलमा ट्रकको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ। गएराति हेटौँडाबाट पथलैयातर्फ आउँदै गरेको ना ६ ख ३६४४ नम्बरको ट्रकले सोही दिशातर्फ आउँदै गरेको बा.प्र.०२–०६५ प ७५७५ नम्बरको स्कुटरलाई पछाडिबाट ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएका स्कुटर चालक मोरङ, लाङटाङ नगरपालिका–१ का ३५ वर्षीय योगेन्द्र मगरको नारायणी अस्पताल वीरगंजमा उपचारका क्रममा राति ११ बजेर ५० मिनेटमा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनापछि प्रहरीले ट्रक र चालक जितपुरसिमरा–२१ का अन्दाजी ३३ वर्षीय राजन खड्कालाई नियन्त्रणमा लिएको छ।

# प्रधानमन्त्री शाह स्वदेश...

सुधन गुरुङ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले स्वागत गरेका थिए। प्रधानमन्त्री शाह नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै महासभाको उच्चस्तरीय सप्ताहमा सहभागी हुन असोज ६ गते संयुक्तराज्य अमेरिकाको न्युयोर्क प्रस्थान गरेका थिए।

उनी नेतृत्वको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार कुमार ब्यञ्जनकार, परराष्ट्र सचिव अमृतबहादुर राईलगायत सहभागी थिए।

यसैबीच, प्रधानमन्त्री शाहभन्दाअघि नै न्युयोर्क प्रस्थान गरेका परराष्ट्रमन्त्री खनाल भने राष्ट्रसङ्घीय महासभाअन्तर्गतका विभिन्न कार्यक्रममा सरिक भइरहेको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री शाहले शुक्रबार महासभालाई सम्बोधन गरेका थिए। प्रधानमन्त्री शाहले ‘जलवायु न्याय’ संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुननहुने उल्लेख गर्दै हाम्रा देशका मानिसलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिएका थिए।

उनले भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीबाट भएको जनधनको क्षतिबारे जानकारी गराउँदै विपद् स्थानीय त्रासदी मात्रै नभई विश्वका लागि एउटा चेतावनी पनि भएको उल्लेख गरेका थिए।

उनले सम्बोधनका क्रममा जलवायु परिवर्तनले भौगोलिक सीमा नचिन्ने तथा ‘हिमनदी र बाढी ‘पासपोर्ट’मा ‘भिसा’ लगाएर यात्रा गर्दैनन्’ भनी उल्लेख गरेका थिए। प्रधानमन्त्री शाहले नेपाल, भारत र चीनको नेतृत्वमा ‘हिमालय जलवायु उत्थानशीलता संयन्त्र’ स्थापना गर्न प्रस्ताव गरेका थिए।

भ्रमणका क्रममा उनले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग बिहीबार भेटवार्ता गरेका थिए। भेटका क्रममा महासचिव गुटेरेसले भोटेकोशी विपदमा भएको जनधनको क्षतिप्रति समवेदना व्यक्त गर्दै जलवायु मुद्दामा संयुक्त राष्ट्रसङ्घ नेपालसँग ऐक्यबद्ध रहेको बताएका थिए।

यसैगरी, प्रधानमन्त्री शाहले नेपालप्रतिको सद्भावका लागि महासचिव गुटेरेसलाई धन्यवाद दिँदै उनको सफल कार्यकालका लागि बधाई दिएका थिए।


## अधिकतम खूद्रा बिकि मुल्य (MRP) प्रकाशनको सुचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल बस्तूहरुको अधिकतम खूद्र बिकि मुल्य निम्न बमोजिम भएको ब्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ

| सिं.न. | मालवस्तुको विवरण | आकार।प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा विक्रि मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEST FREEZER | | VELTECH | JMCF2502026 | 250 LTR | CHINA | PCS | NPR | 60,000.00 | |
| 2 | CHEST FREEZER | | VELTECH | JMCF3002026 | 300 LTR | CHINA | PCS | NPR | 65,000.00 | |
| 3 | CHEST FREEZER | | VELTECH | JMCF3502026 | 350 LTR | CHINA | PCS | NPR | 70,000.00 | |
| 4 | BEVERAGE COOLER | | VELTECH | SC350-JMSC3632026 | 350 LTR | CHINA | PCS | NPR | 105,000.00 | |
| 5 | BEVERAGE COOLER | | VELTECH | SC600-JMSC6002026 | 600 LTR | CHINA | PCS | NPR | 170,000.00 | |
| | | | | | | | | | | |

विक्रेता फर्मको नाम: कामख्या ट्रेडिङ कम्पनी प्रा. लि.
ठेगाना: त्रि.न.पा.-११, गाईघाट, उदयपुर
स्थायि लेखा न: 610079247
फोन: 051-531107,529772


# गगनलाई ‘गैंगस्टर’...

थियो। यादवले अहिलेको डिजिटल युगमा कुनै पनि कुरा लुकाउन सम्भव नरहेको बताए। सबैको हातमा मोबाइल र डिजिटल प्रविधिको पहुँच रहेकाले विगतमा भएका गतिविधि तथा नेताहरूका अभिव्यक्तिसमेत सहजै सार्वजनिक हुने उनको भनाइ थियो।

टिकट वितरणका क्रममा आफूलाई समर्थन गर्दै नेताहरूले गरेका अभिव्यक्ति स्मरण गराउँदै यादवले भने, ‘टिकट लिने बेलामा मैदानमा मेरो नेता गगन थापा भन्ने, भविष्यको प्रधानमन्त्री गगन थापा भन्ने, अहिले आएर आफ्नै नैतिकता र इमान्दारिता बिर्सिहाल्ने ?’

कांग्रेस प्रजातान्त्रिक पार्टी भएकाले राजनीतिमा नैतिकता र इमान्दारिता कायम गर्नुपर्नेमा यादवले जोड दिए। देशमा भएका विभिन्न राजनीतिक परिवर्तनमा युवाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उनले पुरानो पुस्ताले नेतृत्वमा अवसर ओगटिरहने प्रवृत्ति त्यागेर युवालाई अवसर दिनुपर्ने बताए।

## रसुवा बाढीमा बेपत्ता दुई मधेशवासीको

# कुशको शव बनाएर अन्तिम संस्कार






**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी लामो समयदेखि बेपत्ता रहेका मधेशका दुई जनाको वास्तविक शव फेला नपरेपछि परिवारले कुशको प्रतीकात्मक शव बनाएर धार्मिक विधिअनुसार अन्तिम संस्कार गरेका छन् । बाढीमा बेपत्ता भएका बाराको सुवर्ण गाउँपालिका–१ सोलकपुर कुम्हटोलीका नेपाली सेनाका जवान सुरजकुमार साह र महोत्तरीको मटिहानी नगरपालिका–७ का गंगाराम मण्डलको परिवारले शनिबार आ–आफ्नो परम्पराअनुसार अन्तिम संस्कार गरेका हुन् । दुवै परिवारले लामो समयसम्म खोजी तथा अवस्थाबारे जानकारी पाउने प्रतीक्षा गरे पनि कुनै ठोस खबर नआएपछि प्रतीकात्मक रूपमा अन्तिम संस्कार गर्ने निर्णय गरेका थिए।

- **सैनिक जवान साहको सैनिक सम्मानसहित अन्तिम संस्कार**

सुवर्ण गाउँपालिका–१ स्थित तीयर नदी किनारमा नेपाली सेनाका जवान साहको कुशको शव बनाएर अन्तिम संस्कार गरिएको हो । अन्तिम संस्कारअघि नेपाली सेनाले उनलाई सैनिक सम्मानसहित सलामी अर्पण गरेको थियो।

श्रीनाथ गणमा कार्यरत साह भदौ १० गते रसुवामा भोटेकोशी नदीमा बाढी आउँदा ड्युटीमै थिए । बाढीपछि उनी सम्पर्कविहीन भएका थिए । परिवार, आफन्त तथा सुरक्षा निकायले उनको खोजी निरन्तर गरे पनि एक महिनासम्म उनको अवस्था पत्ता लाग्न सकेन।

वास्तविक शव फेला नपरेपछि परिवारले धार्मिक तथा सामाजिक मान्यताअनुसार कुशको प्रतीकात्मक शव तयार गरी अन्तिम संस्कार गरेको हो । लामो समयसम्म छोराको अवस्थाबारे पर्खाइमा रहेको परिवारका लागि शनिबारको संस्कार अत्यन्त भावुक र पीडादायी क्षण बनेको थियो। साहको अन्तिम संस्कारमा सुवर्ण गाउँपालिकाका अध्यक्ष राजेश यादव, नेपाली कांग्रेसका नेता सतेन्द्र यादव, जेन्जी अगुवा अजय यादव, नेपाली सेनाका प्रतिनिधि तथा स्थानीय बासिन्दाको सहभागिता रहेको थियो।

- **३२ दिनपछि गंगारामको पनि प्रतीकात्मक अन्त्येष्टि**

यस्तै, रसुवा बाढीमा बेपत्ता भएका महोत्तरीको मटिहानी नगरपालिका–७ का गंगाराम मण्डलको पनि ३२ दिनपछि कुशको प्रतीकात्मक शव बनाएर अन्तिम संस्कार गरिएको छ । उनको अन्तिम संस्कारमा १७ वर्षीय छोरा आदित्यराज मण्डलले मुखाग्नि दिएका थिए।

गंगारामले भदौ ९ गते परिवारसँग अन्तिमपटक कुराकानी गरेका थिए।

त्यसपछि उनी सम्पर्कविहीन भएका हुन् । रसुवामा पर्यटकलाई मानसरोवर यात्रामा लैजाने रिचा ट्रेक नामक संस्थामा कुकका रूपमा कार्यरत गंगाराम बाढी आएपछि बेपत्ता भएका थिए।

बाढी आएको दिनदेखि नै परिवारजनले उनको अवस्था पत्ता लगाउने प्रयास गर्दै आएका थिए । तर ३२ दिनसम्म पनि कुनै जानकारी प्राप्त नभएपछि परिवारले धार्मिक विधिअनुसार कुशको शव बनाएर अन्तिम संस्कार गरेको हो।

गंगारामको परिवारमा वृद्ध बुवा–आमा, श्रीमती र चार सन्तान छन् । लामो समयसम्म आफन्त फर्किने आशामा बसेको परिवार अन्ततः वास्तविक शवसमेत नदेखी प्रतीकात्मक अन्त्येष्टि गर्न बाध्य भएको हो।

- **अझै सम्पर्कविहीन छन् महोत्तरीका नौ जना**

रसुवामा आएको बाढीपछि बेपत्ता भएकाहरूको खोजी तथा पहिचानको क्रम जारी रहे पनि महोत्तरीका केही परिवार अझै अनिश्चितताको अवस्थामै छन् । जिल्ला प्रशासन कार्यालय महोत्तरीका अनुसार रसुवा बाढीमा परी जिल्लाका ९ जना अझै सम्पर्कविहीन छन् भने ८ जना सम्पर्कमा आइसकेका छन्।

वास्तविक शव फेला नपरेका अवस्थामा कुशको प्रतीकात्मक शव बनाएर अन्तिम संस्कार गर्नुपर्ने बाध्यताले रसुवा बाढीको त्रासदी कति गहिरो थियो भन्ने देखाएको छ।

एकातिर बेपत्ताको खोजीको आशा र अर्कोतिर लामो प्रतीक्षापछि अन्तिम संस्कार गर्नुपर्ने बाध्यता—पीडित परिवारका लागि यो विपद्को सबैभन्दा कठोर पाटो बनेको छ।

# सर्पदंश उपचारका लागि

## जनकपुर अस्पतालमा बिरामीको चाप




**मधेशदृष्टि**
**जनकपुरधाम।**
सर्पले टोकेका बिरामीको उपचारका लागि जनकपुर प्रादेशिक अस्पताल रोज्नेको संख्या बढ्दै गएको छ । पछिल्लो समय अस्पतालमा दैनिक औसत ५ देखि ७ जनासम्म सर्पदंशका बिरामी उपचारका लागि पुग्ने गरेका छन् । दैनिक आउने बिरामीको संख्यालाई हेर्दा अस्पतालमा महिनामा २ सयभन्दा बढी सर्पदंशका बिरामी उपचारका लागि पुग्ने गरेका छन्।

धनुषासहित महोत्तरी, सिरहा र सर्लाहीका विभिन्न क्षेत्रबाट नियमित रूपमा बिरामी आउने गरेका छन् । सप्तरीबाट समेत सर्पदंशका बिरामी उपचारका लागि जनकपुर आउने गरेको अस्पतालले जनाएको छ।

सर्पदंशको उपचारमा आवश्यक जनशक्ति, चिकित्सकीय अनुभव र उपचार व्यवस्थापन उपलब्ध भएकाले अन्य जिल्लाबाट समेत बिरामी आउने क्रम बढेको उपचारमा संलग्न चिकित्सकहरू बताउँछन् । सर्पदंश उपचारमा संलग्न चिकित्सक डा. विजय यादवका अनुसार अस्पतालमा उपचारका लागि आउनेमध्ये करिब ९९ प्रतिशत बिरामी सफल उपचारपछि निको भएर घर फर्किने गरेका छन् । उनले सर्पले टोकेपछि तत्काल अस्पताल पु¥याउनुपर्नेमा कतिपयले अझै पनि धामी–झाँक्री वा घरेलु उपचारमा समय बिताउने गरेको बताए । यस्तो गर्दा अस्पताल पुग्न ढिलाइ हुने र बिरामीको अवस्था गम्भीर बन्न सक्ने उनको भनाइ छ।

'अस्पतालमा आउने अधिकांश सर्पदंशका बिरामीको सफल उपचार हुने गरेको छ । तर कतिपय बिरामीलाई सर्पले टोकेपछि तत्काल अस्पताल ल्याउनुको सट्टा धामी–झाँक्रीकहाँ लैजाने गरिएको पाइन्छ,' डा. यादवले भने, 'यसले उपचारमा अनावश्यक ढिलाइ हुन्छ ।' उनका अनुसार शनिबार मात्रै दुई जना सर्पदंशका बिरामी अस्पताल ल्याइएका थिए । तीमध्ये एक जना महेन्द्रनगर क्षेत्रका थिए भने अर्की करिब ६० वर्षीया महिला धनुषाको सहिदनगर नगरपालिका क्षेत्रकी थिइन्।

दुवैमध्ये एक जनालाई विषालु सर्पले टोकेको थियो । उनलाई विषको प्रभाव देखिनुअघि नै अस्पताल ल्याइएकाले समयमै उपचार सुरु गर्न सम्भव भएको डा. यादवले बताए। अर्की महिलालाई भने गोमन (कोब्रा) सर्पले टोकेको थियो । गोमनको टोकाइपछि अस्पताल ल्याइएकी महिलाको अवस्था गम्भीर थियो । चिकित्सकको तत्काल उपचार र निरन्तर निगरानीपछि उनको ज्यान जोगाउन सफल भएको डा. यादवले बताए । अस्पताल पुग्न अझै केही ढिलाइ भएको भए अवस्था थप जटिल हुन सक्ने उनले बताए।

चिकित्सकहरूका अनुसार सर्पदंशपछि झारफुक, धामी–झाँक्री वा घरेलु उपचारमा समय बिताउनु जोखिमपूर्ण हुन्छ । सर्पले टोकेपछि बिरामीलाई सकेसम्म छिटो नजिकको स्वास्थ्य संस्थामा पु¥याउनु नै जीवन जोगाउने सबैभन्दा महत्वपूर्ण उपाय हो । जनकपुर प्रादेशिक अस्पतालमा सर्पदंशका बिरामीको उपचार सफल हुने क्रम बढेसँगै धनुषा तथा आसपासका जिल्लाका ग्रामीण र सीमावर्ती क्षेत्रबाट समेत उपचारका लागि जनकपुर आउने बिरामीको संख्या बढिरहेको छ।

# सुरु भयो सोह्रश्राद्ध, गंगासागरमा तर्पण गर्नेको भीड



**मधेशदृष्टि**
**जनकपुरधाम।**
वैदिक सनातन हिन्दू परम्पराअनुसार शनिबार शनिबारदेखि सोह्र श्राद्ध अर्थात् पितृ पक्ष सुरु भएको छ । आश्विन कृष्ण प्रतिपदादेखि औँसीसम्म चल्ने पितृ पक्षमा दिवंगत पितृको सम्झनामा तर्पण, पिण्डदान तथा सिदादान गर्ने धार्मिक परम्परा छ।

पितृलाई सम्मान र कृतज्ञता व्यक्त गर्ने यस अवधिमा जनकपुरधामको ऐतिहासिक गंगासागरमा समेत तर्पण गर्ने श्रद्धालुको भीड लाग्ने गर्छ । पितृप्रति श्रद्धा व्यक्त गर्दै उनीहरूको आत्माको शान्तिको कामना गर्ने धार्मिक विश्वासका कारण गंगासागरलगायत विभिन्न पोखरी तथा धार्मिकस्थलमा तर्पण गर्ने गरिन्छ।

चाडपर्व, यज्ञ तथा अन्य ठूला धार्मिक कार्य गर्नुअघि पितृलाई श्रद्धापूर्वक सम्झिने वैदिक सनातन परम्पराअनुसार सोह्र श्राद्ध गर्ने गरिएको हो । आश्विन कृष्ण प्रतिपदादेखि औँसीसम्म दिवंगत पितृको मृत्यु तिथिअनुसार श्राद्ध गरिने भएकाले यस अवधिलाई सोह्र श्राद्ध भनिएको हो।

पितृलाई प्रसन्न पार्न, जानेर वा नजानेर भएको अनादरप्रति क्षमा माग्न तथा पितृप्रति कृतज्ञता व्यक्त गर्न श्राद्ध गर्ने धार्मिक परम्परा रहेको छ । सोह्र श्राद्ध गर्नाले पितृप्रतिको दायित्व पूरा हुनुका साथै पितृ ऋणबाट मुक्त भइने धार्मिक विश्वास छ।

पितृपक्षका बेला दिवंगत पितृ पिण्ड र पानीको आशमा पितृलोकबाट मृत्युलोकमा आउने धार्मिक मान्यता रहेको छ । पितृलाई तर्पण तथा पिण्डदान गरेमा उनीहरूको आत्माले शान्ति प्राप्त गर्ने जनविश्वाससमेत छ।

सोह्र श्राद्धको पहिलो दिन कुश, तिल, जौ, फुली, काक्रो तथा द्रव्य हातमा लिएर ऋषिमुनिप्रति श्रद्धा प्रकट गर्दै तर्पण गर्ने परम्परा छ । यसलाई अगस्त्य तर्पण भनिन्छ । अगस्त्य तर्पण गरेको भोलिपल्टदेखि दिवंगत पितृको मृत्यु तिथिअनुसार श्राद्ध गर्ने गरिन्छ।

मिथिलामा हिन्दूहरूको प्रमुख पर्व दशैँ, दीपावली तथा छठ पर्वअघि दिवंगत पितृलाई स्मरण गर्दै तर्पण र पिण्डदान गर्ने परम्परा रहँदै आएको छ । सोही परम्पराअनुसार पितृपक्ष सुरु भएसँगै जनकपुरधामको गंगासागरमा तर्पण गर्न श्रद्धालु पुग्न थालेका छन्।

## बारामा भदौ 'दुर्घटनाको महिना':

# ८४ दुर्घटना, १२ जनाको मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
सडक दुर्घटना सम्बन्धमा बारा जिल्ला बितेको भदौ महिना जोखिमपूर्ण देखिएको छ । जिल्ला प्रहरी कार्यालय बाराको तथ्यांकअनुसार भदौमा जिल्लाभर ८४ वटा सडक दुर्घटना भएका छन् । उक्त दुर्घटनामा १२ जनाको मृत्यु, १२२ जना घाइते भएका छन् भने दुर्घटनामा परेका ११५ जनाको उद्धार गरिएको छ।

एक महिनामै ८४ वटा दुर्घटना र त्यसबाट १२ जनाको मृत्यु हुनुले जिल्लाको सडक सुरक्षा अवस्थामाथि गम्भीर प्रश्न उठाएको छ । राजमार्गदेखि सहरी सडक, पुल, चोक तथा स्थानीय सडकखण्डसम्म भएका दुर्घटनाले बारामा सडक यात्रा जोखिमपूर्ण बन्दै गएको देखाएको छ।

भदौमा भएका दुर्घटनामा मोटरसाइकलसँग सम्बन्धित घटना उल्लेख्य छन् । मोटरसाइकल अनियन्त्रित हुने, दुई मोटरसाइकल आपसमा ठोक्किने तथा ट्रक, टिपरलगायत ठूला सवारीसाधनसँग ठक्कर खाने घटनामा मानवीय क्षति भएको प्रहरी तथ्यांकले देखाएको छ ।

## वीरगंजमा मेयरका आकांक्षी बढे,

# पुरानादेखि नयाँ अनुहारसम्मको चर्चा



**मधेशदृष्टि**
**वीरगंज।**
स्थानीय तहको निर्वाचनलाई लक्षित गर्दै वीरगंज महानगरपालिकामा मेयर पदका सम्भावित उम्मेदवारबारे राजनीतिक चर्चा चुलिन थालेको छ । निर्वाचन आयोगले आगामी फागुन मसान्तभित्र स्थानीय तहको निर्वाचन गराउने तयारी अघि बढाएसँगै पर्साका स्थानीय तहमा समेत सम्भावित उम्मेदवार र दलगत समीकरणबारे आन्तरिक छलफल सुरु भएको छ । यसपटक अघिल्लो स्थानीय निर्वाचनको तुलनामा आकांक्षीको संख्या बढ्ने संकेत देखिएको छ । त्यसको सबैभन्दा बढी प्रभाव वीरगंज महानगरपालिकाको मेयर पदमा देखिएको छ, जहाँ वर्तमान मेयर, पूर्व मेयर, विभिन्न दलका नेता तथा नयाँ अनुहार गरी एक दर्जनभन्दा बढी नाम चर्चामा आउन थालेका छन्।

हालका मेयर राजेशमान सिंह पनि पुनः महानगरको नेतृत्वका लागि मैदानमा उत्रिने तयारीमा रहेको चर्चा छ । भ्रष्टाचारसम्बन्धी मुद्दामा विशेष अदालतबाट सफाइ पाएपछि उनको निलम्बन फुकुवा भएको छ । सिंह यसअघि जनता समाजवादी पार्टी (जसपा) नेपालबाट मेयरमा निर्वाचित भएका थिए । आगामी निर्वाचनमा भने उनी कुन दलबाट उम्मेदवार बन्ने भन्ने विषय अझै टुंगो लागेको छैन । एमालेबाट टिकट पाए सोही दलबाट प्रतिस्पर्धा गर्ने तथा अन्य अवस्थामा वैकल्पिक राजनीतिक दलबाट उम्मेदवार बन्न सक्ने चर्चा राजनीतिक वृत्तमा छ।

यसैबीच वीरगंजका पूर्व मेयर तथा नेकपा एमालेका केन्द्रीय सदस्य विजयकुमार सरावगीको नाम पनि पुनः मेयर पदका सम्भावित उम्मेदवारका रूपमा चर्चामा छ । २०७९ को स्थानीय निर्वाचनमा एमालेबाट मेयरको उम्मेदवार बनेका सरावगी आगामी निर्वाचनमा एमाले वा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवार बन्न सक्ने चर्चा छ । एमालेका पूर्व केन्द्रीय सदस्य अरविन्द सिंह पनि मेयर पदका आकांक्षीका रूपमा देखिएका छन् । एमाले नेतृत्वप्रति पछिल्लो समय असन्तुष्टि जनाउँदै आएका सिंह रास्वपाबाट उम्मेदवारीको प्रयासमा रहेको उनीनिकट स्रोतको दाबी छ । रास्वपाबाट टिकट नपाए अन्य दल वा स्वतन्त्र उम्मेदवारका रूपमा चुनावी मैदानमा उत्रिन सक्ने सम्भावनासमेत चर्चामा छ।

रास्वपाकै नेता सुधिर पटेलको नाम पनि वीरगंजको मेयर पदका सम्भावित उम्मेदवारका रूपमा अगाडि आएको छ । यसअघि प्रदेशसभा सदस्यमा स्वतन्त्र उम्मेदवारका रूपमा प्रतिस्पर्धा गरेका पटेलले आगामी स्थानीय निर्वाचनमा रास्वपाबाट मेयरको टिकट दाबी गर्ने तयारी गरेको बताइएको छ । टिकट नपाएको अवस्थामा स्वतन्त्र उम्मेदवारी दिने सम्भावना रहेको उनीनिकट स्रोतको भनाइ छ । रास्वपाभित्रै वीरगंजको मेयर पदका लागि अन्य आधा दर्जनभन्दा बढी आकांक्षी रहेको चर्चा छ । यद्यपि उनीहरूमध्ये कसलाई उम्मेदवार बनाउने भन्ने विषयमा दलभित्र औपचारिक निर्णय भइसकेको छैन।

वीरगंजको मेयर पदमा नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, जनता समाजवादी पार्टी तथा अग्रगामी मोर्चालगायतबाट समेत सम्भावित उम्मेदवारबारे आन्तरिक छलफल भइरहेको बताइन्छ । तर ती दलबाट अहिलेसम्म चर्चामा आएका नामको संख्या तुलनात्मक रूपमा कम छ । महानगरमा मात्र नभई पर्साका अन्य स्थानीय तहमा समेत गाउँपालिका अध्यक्ष, नगरप्रमुख तथा वडाध्यक्षका सम्भावित उम्मेदवारबारे राजनीतिक दल र स्थानीयस्तरमा छलफल सुरु भएको छ । पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा पर्साका चारवटै निर्वाचन क्षेत्रबाट रास्वपाका उम्मेदवार निर्वाचित भएपछि स्थानीय तह निर्वाचनमा उक्त दलबाट उम्मेदवारीका आकांक्षीसमेत बढेको देखिएको छ।

तर प्रतिनिधिसभाको निर्वाचन परिणामलाई स्थानीय तहको निर्वाचनसँग सोझै जोडेर हेर्न मिल्दैन । स्थानीय निर्वाचनमा दलको संगठनात्मक अवस्था, स्थानीय नेतृत्व, उम्मेदवारको व्यक्तिगत प्रभाव, विगतको राजनीतिक सम्बन्ध तथा स्थानीय तहमा बन्ने समीकरणले महत्वपूर्ण भूमिका खेल्ने भएकाले आगामी प्रतिस्पर्धाको स्वरूप उम्मेदवारी टुंगिएपछि मात्रै थप स्पष्ट हुने देखिन्छ । यससँगै वीरगंजमा मेयरको टिकट कसले पाउने भन्ने विषयले मात्र होइन, कुन दलबाट को मैदानमा आउने र स्थानीय राजनीतिक समीकरण कसरी बदलिन्छ भन्ने विषयले समेत आगामी निर्वाचनको चर्चा थप तातेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन